नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## दूधमा आधारित पेय पदार्थ उत्पादन गर्ने उद्योगलाई अन्तःशुल्क छुट सुविधा सम्वन्धी जरुरी सूचना!!!

आर्थिक ऐन, २०८० को दफा ३९ ले अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क निर्धारण र असुल गरी विवरण पेश गर्नुपर्ने दायित्व भएका स्वयं निष्कासन प्रणालीमा आधारित अन्तःशुल्क इजाजतपत्र लिएका वा नलिएका दुधमा आधारित सुवासयुक्त पेय पदार्थ उत्पादन गर्ने उद्योगले इजाजतपत्र नलिएको भए इजाजतपत्र लिई संवत् २०७९ साल चैत्र मसान्तसम्मको कारोबारको बुझाउनु पर्ने अन्तःशुल्क विवरण र अन्तःशुल्क रकम संवत् २०८० साल असोज मसान्तसम्म दाखिल गरेमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिवाना र विलम्ब शुल्क मिनाहा हुनेछ। त्यस्तो कारोबारमा कर निर्धारण भई बक्यौता रहेका वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई त्यस्तो कारोबारको बुझाउनु पर्ने अन्तःशुल्क रकम संवत् २०८० साल असोज मसान्तसम्म दाखिल गरेमा सोमा लाग्ने जरिवाना र विलम्ब शुल्क मिनाहाको व्यवस्था भएको व्यहोरा सम्वन्धित करदाताहरुलाई यसै सूचनाद्धारा सूचित गरिएको छ।

यस विषयमा थप जानकारीको लागि विभागको वेबसाइट www.ird.gov.np मा राखिएको कार्यविधि अध्ययन गर्नु हुन वा सम्बन्धित कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।